# ओमसतिया गाँउपालिका
## गाँउकार्यपालिकाको कार्यालय
## हाटीफर्साटिकर, रुपन्देही

५ नं. प्रदेश, नेपाल

प्रथम पटक सुचना प्रकाशित मितिः२०७६/०८/०२ सूचना न. ०४/ORM/०७६ /०७७

यस कार्यालय अन्तर्गत ओमसतिया गा.पा. को अधुरो भवन निर्माण कार्य तत्काल गर्नु पर्ने भएकोले इजाजत प्राप्त निर्माण ब्यबसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वक शिलबन्दी दरभाउ पत्र आव्हान गरिन्छ |

शर्तहरु:-

१। तपसिलमा उल्लेखित दस्तुर रकम (फिर्ता नहुने) नगदै बुझाई नगदी रसिदसाथ नबिकरण भएको इजाजत पत्र, मुल्य अभिवृद्दि कर दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्रको प्रमणित प्रतिलिपि संलग्न गरि लिखित निवेदन दिई यो सूचना पत्रिकामा प्रथम पटक प्रकासित भएको मितीले १५ (पन्ध्रौं) दिनको कार्यालय समयसम्म आर्थिक प्रशासन शाखाबाट दरभाउ पत्र फारम खरिद गर्न सकिने छ|

२। यस कार्यालयबाट खरिद गरेको दरभाउ पत्र फारम नियम अनुसार भरि शिलबन्दि लाहा छाप गरि खामको बाहिर कामको विवरण, सूचना न. दरभाउ पत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाइ सम्बोधन गरि १६ (सोह) दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ| दर्ता भएका दरभाउ पत्र सोहि दिनको २:०० बजे दरभाउ पत्रदाता स्वयम वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ | दरभाउ पत्रदाता वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ | दरभाउ पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउ पत्र खोल्ने कार्य गर्न बाधा पर्ने छैन | तोकिएको दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलीपल्ट गरिनेछ |

३। शिलबन्दी दरभाउ पत्रसाथ हुन आउने तपसिलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको एन एम बि बैंकशाखा कार्यालय ठूटिपिपलको धरौटि खाता न.०४०००५७७६४५०००४७ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा.बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको १२० (एक सय बिस) दिन म्याद भएको (सप्लाई कार्यको विवरण र ठेक्का नम्बर समेत उल्लेख भएको) विडबन्ड संलग्न हुनु पर्नेछ |

४। दरभाउ पत्र शर्त रहित, प्रत्येक आइटममा अंक र अक्षरमा लेखि केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराइएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनु पर्नेछ | दररेट सच्याउनु पर्ने भएमा सच्याइएको ठाउमा दस्तखत भएको हुनु पर्नेछ | समय भित्र प्राप्त नभएको, रित नपुगेको सूचनाका शर्त बिपरित भएको दरभाउ पत्र माथि कुनै कारवाही हुने छैन |

५। दरभाउ पत्रको मान्य अवधि (Bid Validity period) ९० (नब्बे) दिनको हुनेछ |

६। नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नु पर्ने सबै प्रकारका करहरु दर रेटमा समावेश भएको मानिने छ|

७। दरभाउ पत्रदाताले निर्माण स्थल र निर्माण सामग्रीको उपलब्धता समेत राम्ररी भुझी दरभाउ पत्र भरेको मानिनेछ |

८। दरभाउ पत्रको खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ |

९। दरभाउ पत्रको डकुमेन्ट,स्पेसिफिकेशन,परिणाम सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रसंगले अर्को अर्थ नलागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन|

१०। प्राप्त शिलवन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने लगायत सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ | अन्य निर्णयको हकमा कार्यालयको निर्णय नै अन्तिम हुनेछ |

११। दरभाउ पत्रमा नियमनुसार लाग्ने भ्याट बाहेकका दररेट अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ | अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ |

१२। यसमा उल्लेख नभएको व्यहोराको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ |

तपसिल

| सी.नं. | ठेक्का न. | कार्यको विवरण | ल.ई.रकम(भ्याट बाहेक) | दरभाउ जमानत रु. | दरभाउ पत्र दस्तुर रु. | किसिम |
|---|---|---|---|---|---|---|
| १ | ३/ORM/०७६/०७७ | गा.पा. भित्र. रहेको अधुरो निर्माण गर्ने कार्य ( शौचालय,बिजुली,खानेपानी,पेन्ट लगाउने आदि कार्य | | १७३८२६८.५१ | ५००००/०० | ३०००/०० | बोलपत्र |

.......................

टेकराज आचार्य ( राजिव )

प्रमुख प्रशासकीय अधिकृत

टेकराज आचार्य (राजिव)